का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २४८
- १२ कात्तिक २०७८, शुक्रबार
- 29 October 2021, Friday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

# प्रधानन्यायाधीशलाई एमालेको साथ



“ न्यायिक मर्यादा र विश्वास कायम राख्न प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामाको माग बढिरहेका बेला प्रमुख विपक्षी नेकपा एमालेले साथ दिने संकेत गरेको छ । स्थायी कमिटी बैठकपछि प्रवक्ता प्रदीपकुमार ज्ञवालीले प्रधानन्यायाधीशको सडकबाट राजीनामा मागिन नहुने बताएका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ कात्तिक

प्रमुख विपक्षी दल नेकपा एमालेले प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई साथ दिने संकेत गरेको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रधानन्यायाधीश जबराले मात्रै राजीनामा दिएर नपुग्ने सार्वजनिक अभिव्यक्ति दिदै आएका छन् । ९ कात्तिकमा अध्यक्ष ओलीले प्रधानन्यायाधीशले मात्रै नभएर संसद् पुनर्स्थापनाको आदेश दिने पाँचै न्यायाधीशले राजीनामा दिनुपर्ने बताएका थिए ।

“परमादेश त एक जनाले होइन । पाँचै जनाले गर्नुभएको थियो होला । पाँचै जनाले परमादेश गर्नुभएको थियो भने एक जनासँग किन राजीनामा माग्नुहुन्छ, श्रीमानहरु ?”, ओलीको भनाइ थियो । ओलीले २८ फागुनमा प्रतिनिधिसभा पुनर्स्थापना गर्ने संवैधानिक इजलासका सवै न्यायाधीशले राजीनामा गर्नुपर्ने बताएका थिए ।

प्रधानन्यायाधीश जबरा नेतृत्वको संवैधानिक इजलासले बाँकी पृष्ठ २ मा



## प्रतिनिधि संख्या निर्धारण

काठमाडौं/मस- प्रमुख विपक्षी दल नेकपा एमालेको महाधिवेशन प्रतिनिधि संख्या निर्धारण भएको छ । बिहीबार बसेको स्थायी कमिटी बैठकले महाधिवेशन प्रतिनिधि संख्या निर्धारण गरेको हो । १०-१२ मंसिरमा हुने दशौं महाधिवेशनमा १५३६ जना प्रतिनिधि सहभागी हुने निर्णय भएको प्रवक्ता प्रदीपकुमार ज्ञवालीले बताए ।

पार्टी सदस्य संख्या सात लाख २१ हजार पुगेको एमालेले जनाएको छ । यो नवौं महाधिवेशन भन्दा दोब्बर बढी हो । नवौं महाधिवेशनमा एमालेसँग अढाइ लाख संगठित सदस्य थिए । तर यसपटक बढेर सात लाख २१ ह्जार पुगेको छ । यही संख्याको आधारमा महाधिवेशन प्रतिनिधिको संख्या टुंगो लागेको हो । प्रवक्ता ज्ञवालीका अनुसार, महाधिवेशनमा भूगोलबाट एक हजार १९६ जना प्रतिनिधि हुनेछन् ।

बाँकी केन्द्रीय कमिटी, अनुशासन आयोग, लेखा आयोग, निर्वाचन आयोग र सल्लाहकार परिषद्बाट प्रतिनिधि आउनेछन् । प्रतिनिधि निर्वाचन क्षेत्रबाट १५ सय सदस्य बराबर दुई खुला र एक महिला गरी तीन जना प्रतिनिधि आउनेछन् । त्यसमा थप एक हजार सदस्य बराबर एक प्रतिनिधि थप हुनेछन् । हरेक जिल्लाबाट एक/एक जना दलित प्रतिनिधि र एक मजदुर प्रतिनिधि चयन हुनेछन् ।

जनसंगठनहरुबाट पाँच/पाँच जना महाधिवेशन प्रतिनिधि हुनेछन् । केन्द्रीय कार्यालय बाँकी पृष्ठ २ मा

# सर्वोच्चमा मुद्दाको चाङ

**राजेश केसी/मध्यान्ह**
काठमाडौ ११ कात्तिक

सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्र शशशेर जबरा र अन्य न्यायाधीशहरुबीचको विवादले मुद्दा फैसलाको काममा अवरोध सृजना भएको छ । यसैपनि वर्षौं पुराना मुद्दा फैसला हुन नसकेर अलपत्र परेको अवस्थामा सर्वोच्च अदलातमा हालै उत्पन्न विवादले मद्दाको चाङ थप बढ्ने भएको छ ।

सर्वोच्च अदालतमा दैनिक औसत ३२ (वार्षिक ११६८०) मुद्दा दर्ता हुन्छन् । फर्स्यौट भने औसतमा दैनिक ३० (वार्षिक १०९५०) मुद्धाको मात्रै हुने गरेको छ । यसरी औसतमा हरेक वर्ष ७३० मुघा फैसला हुन नसकिने खप्टिने गरेका छन् । सर्वोच्चमा दैनिक आठ देखि ११ वटासम्म इजलास बस्छन् । तर, सबै इजलासबाट फैसला आउँदैन, धेरैको पेसी लम्बिन्छन् । फैसला हुन नसकेपछि स्वतः मुद्दाहरुको संख्या थपिदैं जान्छ ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग गर्दै न्यायाधीशहरु चारदिन देखि इजलासमा बसेका छैनन् । तर सर्वोच्चमा मुद्दाको चाङ लागेको छ ।

सर्वोच्च अदालतका अनुसार, त्यहाँ फैसलाको प्रतिक्षामा रहेका मुद्दाको संख्या २८ हजार ६२६ पुगेको छ । ती मध्ये नौ हजारभन्दा धेरै मुद्दा एक दशकभन्दा पनि पुरानो रहेका छन् । करिब पाँच वर्ष न्यायाधीशको संख्या निकै कममा खुम्चिएपछि २० हजार पुगेको थियो । जिल्ला र उच्च अदालतमा समेत गरी फैसला हुन बाँकी मुद्दाको संख्या अझ धेरै छ । गत असार मसान्तसम्म देशभर अदालतमा एक लाख २० हजार सात सय ७५ मुद्दा फैसला हुन बाँकी छन् । तीमध्ये दुई वर्ष नाघेका मुद्दाको संख्या मात्र १७ हजार दुई सय १८ छ । जनशक्ति अभाव समयमै न्याय सम्पादन हुन नसक्दा सर्वोच्च अदालतमा मुद्दाको चाङ लागेको सम्बद्ध अधिकारीहरु बताउँछन् ।

अहिले प्रधानन्यायाधीश जबराको विपक्षमा उभिएका न्यायाधीशहरु जबराले राजीनामा नदिएसम्म मुद्दाको सुनुवाई नगर्ने बताइरहेका छन् । प्रधानन्यायधीश राणा भने कुनै पनि हालतमा राजिनामा नदिने अडानमा छन् । यस्तो अवस्थामा अदालतभित्र विवाद अझै केही बाँकी पृष्ठ २ मा

# अबौंको धान नष्ट, बीमा दाबी न्यून

**विभा शर्मा/मध्यान्ह**
काठमाडौं, ११ कात्तिक ।

सरकारले कृषि बीमा प्राथमिकतामा राखेको छ । बीमा शूल्क छुट समेत दिएको छ । तर, यो कार्यक्रम किसानको पहुँचसम्म पुगेको देखिदैन् । त्यसैले दशैं लगत्तै भएको बेमौसमी वर्षात्को कारण ८ अर्ब बढीको धानबाली क्षति भएपनि निकै न्यून रकम बीमा दाबी भएको देखिन्छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार, बेमौसमी वर्षाको कारण ८ अर्ब २५ करोड रुपैयाँ बढीको धान बाली नष्ट भएको छ । देशभर १३ लाख ४२ हजार ८ सय १९ हेक्टर क्षेत्रफलमा धान बाली लगाइएकोमा ६७ हजार ९ सय १९ हेक्टर क्षेत्रफलमा रहेको २ लाख ५८ हजार मेट्रिकटन धान नष्ट भएको मन्त्रालयले जनाएको छ ।



ठूलो रकममा धान बाली नष्ट हुँदा बीमा समितिको तथ्याङ्कमा भने अहिलेसम्म धान बाली बापत जम्मा १४ लाख ९० हजार रुपैयाँका लागि मात्रै दाबी परेको देखिएको छ । जुन कुल क्षतिको निकै कम हो । यो तथ्याङ्कले सरकारले प्राथमिकता दिएर लागू गरेको कृषि बीमा सर्वसाधारणको पहुँचमा पुगैकै छैन भन्ने पुष्टि हुन्छ ।

सबै किसानले धान बालीको बीमा नगरेकाले कम दाबी परेको हुनसक्ने बीमा समितिको भनाई छ । पशुपञ्छी बीमाको तुलनामा बाली बीमा झञ्झटिलो हुने भएकाले पनि धान बालीको बीमा नभएको हुनसक्छ । बीमा समितिले लागतमा आधारित धान बाली बीमालेख र उत्पादनमा आधारित चैते धानबाली बीमालेख जारी गर्दै आएको छ । तरपनि कृषि बालीको बीमा गर्ने सम्बन्धमा पर्याप्त सचेतना जगाउन नसक्दा किसानले बेमौसबी वर्षाका कारण अर्बौं रुपैयाँ नोक्सानी ब्यहोर्न बाध्य भएका छन् ।

सरकारले कृषि तथा पशुपन्छी बीमामा कृषकलाई अनुदान दिएर प्रोत्साहन गरिरहेको छ । गत आर्थिक वर्षसम्म कृषि तथा पशुपन्छी बीमामा लाग्ने बीमा शुल्कमा ७५ प्रतिशत अनुदान दिदै आएको थियो भने चालु आर्थिक वर्षदेखि ८० प्रतिशत पुऱ्याएको छ । तरपनि किसानको आकर्षण देखिएको छैन् । अझ भनौं वास्तविक किसानको पहुँचमा सरकारले दिने सुविधा पुगेकै देखिदैन् ।

# सिसडोलमा फेरि तनाव

**राजेश केसी/मध्यान्ह**
काठमाडौ ११ कात्तिक

काठमाडौं महानगरपालिकाले फोहोर व्यवस्थापन गर्दै आएको नुवाकोटको सिसडोल ल्यान्डफिल्ड साइट क्षेत्रका वासिन्दाले फोहोर व्यवस्थापनमा फेरि अवरोध सिर्जना गरेका छन् । स्थानीयको अवरोधका कारण महानगरपालिकाले कात्तिकको शुरुदेखि नै फोहोर उठाउन सकेको छैन । त्यसैले काठमाण्डौका चोक, गल्ली र सडक किनारमा फोहोरका डंगुर थुप्रिन थालेका छन् ।

महानगरपालिकाका सूचना अधिकारी वसन्त अधिकारीका अनुसार सिसडोलका स्थानीयले फोहोर बोकेका गाडी जान प्रवेश गर्न नदिएपछि नदिएपछि फोहोर फाल्ने काममा अवरोध भएको हो । गत साउनमा पनि फोहोर व्यवस्थापनलाई लिएर चर्को विवाद भएको थियो ।

त्यतिबेला स्थानीय वासीले लामो समयसम्म अवरोध गरेका थिए भने झरीको कारण सडक बिग्रिएकोले महानगरपालिकाले हप्तौसम्म फोहोर उठाउन सकेको थिएन । सडक मर्मत गर्ने र प्रदुषण नियन्त्रण गर्ने लगायतका स्थानीय वासिन्दाका माग पुरा गर्ने सम्झौता पछि फोहोर फाल्न दिएका थिए । तर सम्झौताअनुसार, महानगरपालिकाले काम नगरेको भन्दै स्थानीयले फोहोर उठाउन फेरि अवरोध गरेका हुन् । उनीहरुले बिग्रिएका सडक मर्मत गर्नुपर्ने र आफ्ना पुराना माग पुरा हुनुपर्ने लगायत माग राखेर फोहोर उठाउन अवरोध गरिरहेको बताइएको छ ।

महानगरपालिका भने सडक मर्मतको काम आफ्नो नभएको र यातायात तथा भौतिक पूर्वाधार मन्त्रालयको भएको बताउदै आएको छ । आफ्नो क्षेत्राधिकार भए नपरे पनि सडक मर्मतको लागि पहल गरिरहेको महानगरले जवाफ दिने गरेको छ ।

उपत्यकाका १८ वटा स्थानीय तह मध्ये भक्तपुरका ४ वटा बाहेक अन्य स्थानीय तहको फोहार सिसडोलमा पुऱ्याइने गरिएको छ । सामान्य अवस्थामा काठमाडौं उपत्यकाबाट दैनिक करिब १ हजार ४५ मेट्रिक टन फोहोर उत्पादन हुने गरेको अनुमान छ । त्यसमध्ये सबैभन्दा धेरै काठमाडौं महानगरपालिका क्षेत्रबाट दैनिक ५१६ मेट्रिक टन र त्यसपछि ललितपुर महानगर क्षेत्रबाट १३० मेट्रिक टन फोहोर संकलन गरेर सिसडोल ल्यान्डफिल्ड साइटमा पुऱ्याउने गरिएको छ ।

उपत्यकाका बाँकी पृष्ठ २ मा

# सरकार कामदारको हक अधिकारको पक्षमा : श्रममन्त्री श्रेष्ठ

**सुरेन भुजेल/मध्यान्ह**
यूएई, ११ कात्तिक

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले सरकारले वैदेशिक रोजगार क्षेत्रलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउने अभियान अगाडि बढाएको बताएका छन् । ‘आबुधावी डायलग’को छैटौं मन्त्रीस्तरीय बैठकमा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै संयुक्त अरब इमिरेट्स (यूएई) आएका मन्त्री श्रेष्ठले बिहीबार यहा‘स्थित नेपाली समुदायसँगको छलफलमा विदेशमा रहेका नेपाली श्रमिकको हक अधिकारको लागि सरकारले आवाज उठाउँदै आएको बताए ।

मन्त्री श्रेष्ठले प्रवासी नेपाली श्रमिकका श्रम अधिकार तथा सीप विकासका विषयमा यूएईका मानव संशाधन मन्त्री डा अव्दुलरहमान अव्दुलमानन अल अवारसँग भएको छलफल उपलब्धिमूलक भएको मन्त्री श्रेष्ठले बताए ।

कार्यक्रममा सहभागी नेपाली श्रमिकहरुले कोभिड महामारीका कारण थुप्रै नेपाली समस्यामा परेको बताएका थिए । उनीहरुले नेपाल र यूएईबीच भएको श्रम सम्झौताको प्रभावकारी कार्यान्वयनका लागि सरकारको ध्यानाकर्षण गराएका थिए ।

नेपाल र यूएईबीच २०७६ जेठ अन्तिम साता द्विपक्षीय श्रम सम्झौता भएको थियो । श्रम सम्झौतामा श्रमिक भर्ना प्रक्रियादेखि गन्तव्य मुलुक पुग्दासम्मको खर्च रोजगारदाताले व्यहोर्ने उल्लेख छ । नेपाली श्रमिकलाई ज्याला, भत्ता, कार्य वातावरण र बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### श्रम सम्झौताको कार्यान्वयनमा जोड

**काठमाडौं/रासस-** ‘आबुधावी डायलग’मा सहभागी हुन संयुक्त अरब इमिरेट्स (यूएई) भ्रमणमा रहेका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ र यूएईका मानव संशाधन मन्त्री डा अव्दुलरहमान अव्दुलमानन अल अवार बीच भेटवार्ता भएको छ । बुधबार भएको भेटमा मन्त्री श्रेष्ठले यूएईमा कार्यरत नेपाली श्रमिकको हक हित र सामाजिक सुरक्षाका विषयमा यूएईका मानव संशाधन मन्त्री अवारसँग छलफल गरेका थिए ।

सो क्रममा नेपाल- यूएई द्विपक्षीय बैठक आयोजना गर्ने, यूएई जाने नेपाली कामदार लक्षित सीपमूलक तालिम संचालन गर्ने, इन्जिजियर, डाक्टर, नर्सलगायत दक्ष र प्राविधिक कामदार यूएई पठाउने, सामाजिक सुरक्षा योजना विस्तार गर्ने बाँकी पृष्ठ २ मा

### स्वदेश फिर्ता प्रवासी श्रमिकको राष्ट्रिय सम्मेलन शुरु

**काठमाडौं/रासस-** ‘प्रवासी श्रमिकको सम्मानजनक स्वदेश फिर्ती र दिगो पुनःएकीकरण’ नाराका साथ ‘स्वदेश फिर्ता प्रवासी श्रमिकको राष्ट्रिय सम्मेलन, २०७८’ बिहीबारदेखि शुरु भएको छ । वैदेशिक रोजगारीबाट सीप, प्रविधि र पूँजीसहित स्वदेश फर्केका प्रवासी श्रमिकलाई समाजमा अन्तरघुलन गराउनका लागि आवश्यक नीति निर्माणमा सरोकारवालालाई सुझाव दिने उद्देश्यले बाँकी पृष्ठ २ मा

**STAFF REQUIREMENT**

*One of the Reputed and Leading Recruitment Agency in Nepal is seeking applications from Qualified, Self Motivated, Energetic and Experienced Individuals to join the dynamic team.*

Attractive Salary

- ★ DOCUMENTATION - 2 (FEMALE)
  Bachelor Passed, Excellent in Photoshop, Ms Word with Latest Technology, Nepali Typing Skill, 2-3 Years Work Experience Preferred.
- ★ PRO - 2 (MALE)
  +2 passed, Excellent in Computer Knowledge, Priority For Experienced Candidates.
- ★ RECEPTIONIST -2 (FEMALE)
  Bachelor Passed, Smart & Energetic, Read, Write and Speak English Skill, Min 1 year Work Experience in Receptionist.
- ★ OFFICE BOY -1 (Male)
  +2 passed, Compulsory Bike Licence Holder.

Candidates Meeting Above criteria can apply with a CV and Application Letter with Expected Salary in Email provided below.
E-mail: info@palhioverseas.com

**PALHI OVERSEAS PVT.LTD**
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग, चप्पलकारखाना, काठमाडौं,
Mobile: 9801212601 फोन: ०१-४०१५७९२, ४०१५६५५
Website: www.palhioverseas.com
श्रम इजाजत नं. ५९४/०६२/०६३

# रामदेवको फार्मेसीलाई अनुमति दिन फेरि चलखेल

**विष्णु लक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, ११ कात्तिक



२ वर्ष अघि औषधि व्यवस्था विभागले अवैध घोषणा गरेको भारतीय योग गुरु रामदेवको एउटा कम्पनीलाई अनुमति फेरि चलखेल शुरु भएको छ ।

स्रोतका अनुसार मेडिसिटी अस्पतालका संचालक तथा अर्वपति गैरआवासिय नेपाली डा.उपेन्द्र महतोले भारतीय ब्राण्डको दिव्य फार्मेसीलाई सञ्चालन स्वीकृति दिन सरकारी निकायका अधिकारीहरुलाई चर्को दवाव दिएका छन् । एनआरएनएका संस्थापक अध्यक्ष महतो रामदेवको पतन्जली कम्पनीको नेपाली साझेदार हुन् ।

त्यहीकारण उनले आफ्नो पहुंच प्रयोग गरेर भारतको उत्तराखण्डस्थित दिव्य फार्मेसी शाखा स्थापनाको लागि दवाव दिइरहेको जानकारी स्वास्थ्य मन्त्रालयका अधिकारीहरुले दिएका छन् । दिव्य फार्मेसीको नेपाल शाखा बि.स २०६५ मा औषधि व्यवस्था विभागबाट स्वीकृति लिएर नै खोलिएको थियो । तर, त्यतिबेला पेश गरिएका कागजपत्र नक्कली भएको पुष्टि त्यसको एक दशकपछि २०७५ सालमा भएको थियो । नवीकरणका बेला फार्मेसीले नक्कली कागज पत्र पेश गरि अनुमति लिएको र कारोवार पनि शंकास्पद भएको भन्दै तत्कालीन् महानिर्देशक नारायणप्रसाद ढकालले नविकरण नगरि फार्मेसीको दर्ता नै खारेज गरि दिएका थिए । त्यसयता उक्त फार्मेसी बन्द रहेको छ ।

त्यस अगाडि दिव्य फार्मेसीबाट उत्पादित ६ वटा औषधिलाई गुणस्तरहीन रहेको बताउँदै बजारबाटसमेत सरकारले २०७४ सालमा तुरुन्त फिर्ता लिन निर्देशन दिएको थियो । त्यो निर्देशनलाई पनि उस्ले पालना नगरेको विभागका अधिकारीहरु बताउंछन् ।

विभागका सूचना अधिकारी सन्तोष केसीले नक्कली कागजपत्रका आधारमा दिव्य फार्मेसी सञ्चालनको अनुमति लिएको भए पनि ०७५ सालमा कारबाही स्वरुप बन्द गरिएको जानकारी दिए । अहिले पुनः स्वीकृतिका लागि निवेदन परेको उनको भनाई छ ।

नेपाली आयुर्वेद उद्यमीहरुले उक्त फार्मेसीका गतिविधि भारतमै पनि शंकास्पद रहेको भन्दै कुनै पनि हालतमा स्विकृत नगर्न अनुरोध गर्दै आइरहेका छन् ।

तर, अहिले स्वास्थ्यमन्त्रीमा बिरोध खतिवडा आएसँगै स्वीकृति दिन राजनीतिक तहबाटै चलखेल सुरु भएको स्वास्थ्य मन्त्रालयका अधिकारीहरुले जानकारी दिएका छन् । स्रोतका अनुसार गत २२ असोज गते स्वास्थ्य मन्त्री नियुक्त भएका खतिवडाले त्यसको एक साता नवित्तै तत्कालिन महानिर्देशक डा. आरपी विच्छालाई बोलाएर दिव्य फार्मेसीको विषयमा सोधखोज गरेका थिए । त्यस्तै मन्त्रालयकै अधिकारीहरुसंग पनि उनले पटक पटक यसबारेमा छलफल गरिसकेका छन् । २ दिन अगाडि सरकारले विभागको महानिर्देशकबाट विच्छालाई हटाएर डा. दिपेन्द्र रमण सिंहलाई पुन नियुक्त गरेको छ । गत साउन साउन अगाडि पनि विभागको महानिर्देशक रहेका उनलाई प्रधानमन्त्रीमा शेरवहादुर देउवा नियुक्त लगत्तै सरुवा गरि विच्छालाई लगिएको छ । अहिले फेरि विच्छालाई हटाएर सिंहलाई महानिर्देशक बनाउनुमा दिव्य फार्मेसीको प्रकरणसंग जोडेर हेरिएको छ । स्वास्थ्य मन्त्रालय उच्च स्रोतकाअनुसार डा. महतोले दिव्य फार्मेसीको संचालन अनुमति दिलाउनको लागि नेकपा (एकीकृत समाजवादी) पार्टीका अध्यक्ष माधवकुमार नेपाल लगायतका विभिन्न नेताहरुमार्फत स्वास्थ्य मन्त्री खतिवडालाई दवाव दिइरहेका छन् ।

## ९३ विद्यार्थीलाई पोशाक वितरण

**तम्घास/मस**–सिद्धबाबा माध्यमिक विद्यालय, रेसुङ्गा नगरपालिका-८ गुल्मीले ९३ विपन्न विद्यार्थीलाई पोशाक वितरण गरेको छ । बिहीबार विद्यालयले जिल्लाभित्र र जिल्लाबाहिरका कक्षा नर्सरीदेखि कक्षा सातसम्मका गरिब एवं विपन्न विद्यार्थीलाई पोशाक वितरण गरेको हो ।

उनीहरुलाई अवस्था हेरेर ट्र्याकसुट, जुत्ता, टाई, टोपी, स्वीटर, टिसर्टलगायत पोशाक वितरण गरिएको प्राध्यानाध्यापक डोरविक्रम श्रीसले जानकारी दिनुभयो ।

विद्यालयले कमजोर स्थितिका विद्यार्थीहरुलाई पढाउनका लागि विसं २०७६ मा सिद्धबाबा क्लोथ बैंकको स्थापना गरेको थियो । क्लोथ बैंकमार्फत विभिन्न दाताले गरेको सहयोगलाई विद्यालयले विद्यार्थीलाई प्रदान गर्दछ । विद्यालयले विभिन्न समयमा गरिब एवं विपन्न विद्यार्थीलाई सिद्धबाबा क्लोथ बैंकमार्फत पोशाक वितरण गर्दै आएको छ ।

### प्रधानन्यायाधीशलाई....

संसद् पुर्स्थापना गर्दै नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई २४ घण्टाभित्र प्रधानमन्त्री नियुक्त गर्न परमादेश दिएको थियो । त्यो इजलासका सबै न्यायाधीशको राजीनामा मागेका थिए ।

तर संसद् पुनर्स्थापनाको फैसलाका कारणले प्रधानन्यायाधीश जबराको राजीनामा अहिले मागिएको छैन । गएको २२ असोजमा प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद् बिस्तार गर्दा प्रधानन्यायाधीशको कोटामा मन्त्री नियुक्त गरिएपछि न्याय क्षेत्रसँग सम्बन्धित संगठन र विज्ञहरुले राजीनामा मागिरहेका छन् । प्रधानन्यायाधीश जबराको कोटाबाट गैरसांसद गजेन्द्र हमाललाई उद्योग मन्त्री नियुक्त गरेको आरोपका आधारमा सर्वोच्च अदालतमा अघोषित आन्दोलन चलिरहेको छ ।

प्रधानन्यायाधीश जबराले राजीनामा दिनुपर्ने माग सहित सर्वोच्चका सबै न्यायाधीश सोमबारदेखि इजलासमा बसेका छैनन् । चार जना पूर्व प्रधानन्यायाधीश, पूर्व न्यायाधीश, अदालतका न्यायाधीश, नेपाल बार एशोसिएशन, सर्वोच्च बार र नागरिक समाजले पनि प्रधानन्यायाधीश जबराको राजीनामा मागिरहेका छन् । बरिष्ठ अधिवक्ताहरुले राजीनामा नआए आन्दोलनकै चेतावनी दिएका छन् ।

सत्तारुढ गठबन्धन दलका नेताहरुले प्रधानन्यायाधीशलाई महाअभियोग लगाउनेबारे कुनै छलफल नभएको बताउँदै आएका छन् । तर एमालेले भने प्रधानन्यायाधीशलाई साथ दिनेगरी अभिव्यक्ति दिइरहेका छन् । प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल एमालेको साथ पाउने संकेत पछि प्रधानन्यायाधीश जबराले पनि राजीनामा नदिने अडान लिएका छन् । प्रधानन्यायाधीश जबराले पनि एमाले अध्यक्ष ओलीकै भाषासँग मिल्दो जवाफ दिएका छन् । उनले आफूले मात्रै नभएर प्रश्न उठेका अन्य न्यायाधीशहरुले पनि राजीनामा दिनुपर्ने बताएका छन् ।

बिहीबारको स्थायी कमिटी बैठकपछि एमाले प्रवक्ता प्रदीप ज्ञवालीले सडकबाट प्रधानन्यायाधीशको राजीनामा मागिनु विडम्बनापूर्ण बनेको बताए । "गएको तीन दिनदेखि कुनै पनि मुद्दा हेरिएको छैन । यसले संकटकालमा समेत रोक्न नपाइने बन्दी प्रत्यक्षीकरणको मुद्दाहरु समेत प्रभावित भएका छन्", ज्ञवालीले भने । प्रधानन्यायाधीशको राजीनामालाई ज्ञवालीलेले अदालतभित्रको गुटबन्दी र चरम अराजकताको संज्ञा दिएका छन् ।

### प्रतिनिधि....

र विभागहरुबाट एक महिला सहित तीन प्रतिनिधि चयन हुनेछन् । प्रवासबाट २० प्रतिनिधि सहभागी हुनेछन् । पदेन प्रतिनिधि संख्या २६२ हुनेछन् । प्रतिनिधि संख्याको पाँच प्रतिशत मनोनयन गरिने प्रवक्ता ज्ञवालीले बताए ।

एमालेले दशौं महाधिवेशन चितवनमा गर्दैछ । विधान महाधिवेशन गएको १५-१७ असोजमा सकिएको छ । त्यसैले दशौं महाधिवेशनले नेतृत्व चयन गर्नेछन् । नेतृत्व चयनका लागि विद्युतीय मतदान गर्ने एमालेले निर्णय गरेको छ । स्थायी कमिटीको निर्णय अनुमोदन गर्न एमालेले आज केन्द्रीय कमिटी बैठक बोलाएको छ ।

### सर्वोच्चमा ....

दिन लम्बिने निश्चित देखिएको छ । यस्तो अवस्थामा सर्वोच्चमा मुद्दाको चाप थप बढ्ने निश्चित प्रायः देखिएको छ ।

सर्वोच्चमा प्रधानन्यायाधीश सहित २१ न्यायाधीश रहने व्यवस्था छ । तर, अहिले १९ जना मात्रै कार्यरत छन्, दुई जना न्यायाधीशको पद रिक्त छ । वर्षमा एउटा इजलासले एक हजार नौ सय २८ वटा मुद्दा फर्स्योट गर्नुपर्ने अवस्था रहेको सर्वोच्च अदालत स्रोतले जानकारी दिएको छ ।

### सिसडोलमा...

गोकर्णेश्वर नगरपालिकाबाट दैनिक ६० मेट्रिक टन फोहोर उत्पादन हुन्छ । नागार्जुन, टोखा, तारकेश्वर र बुढानिलकण्ठ गरी ४ वटा नगर क्षेत्र हरेकबाट ३५/३५ मेट्रिक टन फोहोर उत्पादन हुने गरेको छ । चन्द्रागिरी, महालक्ष्मी र मध्यपुर थिमी नगर क्षेत्र हरेकबाट ३०/३० मेट्रिक टन फोहोर उत्पादन हुन्छ । गोदावरी रसूर्यविनायक नगर क्षेत्रबाट क्रमशः २५/२५ मेट्रिक टन, कागेश्वरी मनोहरा नगर क्षेत्रबाट २० मेट्रिक टन, दक्षिणकाली र चाँगुनारायण नगर क्षेत्रबाट १५/१५ मेट्रिक टन तथा शंखरापुर नगर क्षेत्रबाट ८ मेट्रिक टन र सबैभन्दा कम कीर्तिपुर नगरबाट दैनिक ६ मेट्रिक टन मात्र फोहोर उत्पादन हुने गरेको छ । उपत्यकाका नगरबाहेक नुवाकोटको ककनी गाउँपालिका र धादिङको धुनिबेसी नगर क्षेत्रको फोहोर पनि ल्यान्डफिल साइटमा आउने गरेको छ ।

### सरकार...

न्यायमा पहुँचजस्ता विषयमा विभेद गर्न नपाइने र सबै विदेशी श्रमिकलाई समान व्यवहार गर्नुपर्ने विषय समेटिएको छ ।

छलफलमा नेपालबाट भिजिट भिसामा हुने तस्करीका विषयमा पनि गम्भीर छलफल भएको थियो । कार्यक्रममा यूएईमा श्रम, सीप तथा लगानीको क्षेत्रमा रहेका अवसर र चुनौतीबारे छलफल भएको थियो । नेपालको महत्वपूर्ण श्रम गन्तव्यका रूपमा रहेको यूएईमा दुई लाखभन्दा बढी नेपाली कार्यरत छन् ।

आबुधाबीस्थित नेपाली दूतावासद्वारा आयोजित कार्यक्रममा मन्त्रालयका सचिव सूर्यप्रसाद गौतम, नेपाली राजदूत कृष्णप्रसाद ढकाल, श्रम मन्त्रालयका उपसचिव डा थानेश्वर भुसाल, दूतावासका कर्मचारीसहित नेपाली संघसंस्थाका प्रतिनिधि, गैरआवासीय नेपाली संघका प्रतिनिधि र श्रमिकको सहभागिता रहेको थियो । मन्त्री श्रेष्ठ नेतृत्वको नेपाली प्रतिनिधिमण्डल शनिबार स्वदेश फर्कने कार्यक्रम छ ।

### श्रम ...

लगायत विषयमा छलफल भएको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ ।

नेपाली टोलीले आबुधावीमा अन्य कूटनीतिक भेटवार्ता गरेको छ । नेपाली श्रमिकले वैदेशिक रोजगारीका क्रममा भोग्दै आएका समस्या समाधानमा केन्द्रित रहेर श्रम मन्त्रालयका सचिव सूर्यप्रसाद गौतमले कतार, साउदी अरेबिया र मलेसियाका समकक्षीसँग छुट्टाछुट्टै भेटवार्ता भएको थियो ।

कतारसँगको सचिवस्तरीय बैठकमा द्विपक्षीय श्रम सम्झौता, नोभेम्बर ८ र ९ मा हुने संयुक्त बैठकको तयारीका साथै नेपाली श्रमिक लक्षित तालिम केन्द्र स्थापनाका विषयमा छलफल भएको थियो ।

साउदी अरेबियासँगको सचिवस्तरीय बैठकमा द्विपक्षीय श्रम सम्झौता, श्रमिकको क्षमता परीक्षण प्रणालीमा साउदी सरकारको सहयोग लिने, नेपाली श्रमिक लक्षित तालिम केन्द्र स्थापनाका विषयमा छलफल भएको थियो ।

यस्तै मलेसियासँगको सचिवस्तरीय बैठकमा संयुक्त समितिको बैठक छिटो आयोजना गर्ने, सामाजिक सुरक्षाको दायरा वृद्धि गर्ने र नेपाली श्रमिकको मृत्युको कारण तथा रोकथामका साथै मलेसियामा मृत्यु भएका श्रमिकको शव नेपाल ल्याउन सहजीकरण गर्ने विषयमा छलफल भएको बैठकमा सहभागी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव डा थानेश्वर भुसालले जानकारी दिए ।

### स्वदेश...

आयोजित सम्मेलन शुक्रबारसम्म चल्नेछ ।

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालको आयोजनामा शुरु भएको सम्मेलनको राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले उद्घाटन गरे । सरकार, गैरसकारी संघ संस्था, आप्रवासनका क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय निकाय र स्वदेश फिर्ता प्रवासी श्रमिकलगायत सरोकारवालाको सहभागिता रहेको सम्मेलनमा स्वदेश फिर्ता प्रवासी श्रमिकको उद्धार, स्वदेश फिर्ता, पुनःस्थापना र पुनःएकीकरणका चुनौतीका बारेमा छलफल हुने आयोजकले जनाएको छ ।

यसैगरी सम्मेलनमा 'संघीय, प्रादेशिक र स्थानीयस्तरका योजना र बजेटमा फर्किएका आप्रवासीको पुनःएकीकरण', 'सुरक्षित, व्यवस्थित र नियमित आप्रवासनका लागि सरोकारवालाको जवाफदेहिता', 'विपद्का बेला श्रमिकको आवश्यकता सम्बोधन', प्रवासी श्रमिकको सामाजिक सुरक्षा सुनिश्चितता', 'परीक्षण र प्रमाणीकरणको माध्यमबाट फर्किका श्रमिकको सीप पहिचान', 'दिगो पुनःएकीकरणः सेवा र सुविधामा पहुँच', र 'स्वदेश फर्किएका प्रवासी श्रमिकले सामना गर्नुपर्ने चुनौती' विषयमा गहन छलफल हुनेछ । सम्मेलनले काठमाडौं घोषणापत्र, २०७८ जारी गर्नेछ ।

यसैगरी स्वदेश फर्किका श्रमिकको साझा मञ्च निर्माण गरिने छ । सम्मेलनको उद्घाटन गर्दै आयोगका अध्यक्ष मगरले आप्रवासनलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चमा आवाज उठाउन ढिलाइ गर्न नहुने बताए । 'श्रमिक लिने र पठाउने मुलुक सहभागी थुप्रै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय फोरम छन्, यी फोरममा सरकारले स्पष्टसँग आप्रवासी श्रमिकका अधिकारका विषय उठाउनुपर्छ', उनले भने ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका निमित्त सचिव डण्डुराज घिमिरेले स्वदेश फिर्ता भएका प्रवासी श्रमिकको अन्तरघुलनलाई प्रभावकारी बनाउन सरकारले विभिन्न योजना सञ्चालन गरेको जानकारी दिँदै सबै पक्षको सहयोगका अपेक्षा गरे ।

वैदेशिक रोजगार विभागका महानिर्देशक दीपक काफ्लेले सीप, प्रविधि र पूँजीसहित स्वदेश फिर्ती श्रमिकको आर्थिक, सामाजिक पुनःएकीकरणका लागि सरोकारवाला निकायले ध्यान दिनुपर्ने बताए । अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) का प्रतिनिधि वीणा थापाले आइएलओले स्वदेश फिर्ती श्रमिकको आर्थिक, सामाजिक एकीकरणका क्षेत्रमा काम गर्दै आएको बताउँदै फिर्ता श्रमिकको सीपलाई रोजगारीसँग जोड्ने, स्वरोजगार बनाउने र उद्यमशीलता विकास गर्नेतर्फ लागेको जानकारी दिए ।

प्रवासी श्रमिकको अधिकारका विषयमा पैरवी गर्दै आएका अभियान्ता सरु जोशीले स्वदेश फिर्ती प्रवासी श्रमिकको पुनःस्थापना र पुनःएकीकरणको काम अब प्रदेश सरकार र स्थानीय तहले गर्नुपर्ने बताए । 'प्रवासी श्रमिकको पुनःएकीकरणका लागि सङ्घीय सरकारलाई मात्र ताकेर हुँदैन, अब प्रदेश सरकार र स्थानीय तहले पनि जिम्मेवारी लिनुपर्छ,' उनले भने ।

## सुनसरी डायरी

**तेजबहादुर बन/मध्यान्ह**

### ठगिँदै उपभोक्ता

# महिनामा ६ पटक अनुगमन, उपलबधी शुन्य



चाडपर्वलाई लक्षित गरी विभिन्न निकायहरूले गरेको बजार अनुगमन प्रभावकारी नभएको जनगुनासो बढिरहेको बेला सुनसरीको इटहरीमा व्यवसायीहरूको मनपरी बढ्दै गएको छ । एउटै सामानको मूल्य पसलै पिच्छे फरक-फरक भेटिनु, मुल्य सूची नराखी सामानहरूको बिक्रिवितरण गरिनु र प्रयोग गर्ने मिति सकिएको सामग्री समेत बिक्री गरिनु अहिले सामान्य बन्ने गरेको छ । उपभोक्ताहरूको स्वास्थ्य अवस्थालाई ध्यानमा राख्दै इटहरी उपमहानगरले विगतमा साता व्यापी बजार अनुगमन गर्दै आएकोमा कोरोना त्रासका कारण रोकिन पुगेको थियो । संक्रमणको दायरा घट्दै जादा बजारहरूमा देखिएको महंगी र लापरबाहीलाई नियन्त्रण गर्न पुनःउपमहानगरले बजार अनुगमनलाई प्राथमिकता दिएपनि उपभोक्ताहरूले प्रभावकारी नभएको प्रति गुनासो गर्दै आएका छन् ।

चाडपर्वको बेला मात्रै अनुगमन हुँदा अन्य दिन व्यवसायीहरूले गरेको मनपरी नियन्त्रण हुन नसकेको उपभोक्ताहरूको गुनासो छ । प्रभावकारी बजार अनुगमन नहुँदा इटहरीमा पाइलै पिच्छे उपभोक्ताहरू ठगिँदै आएका छन् ।

जुनसुकै व्यवसायमा पनि अहिले मनपरी मूल्य निर्धारण गरी उपभोक्ताहरूको ढाड सेक्ने काम भइरहेको जनगुनासो बढ्दो रहेको छ । इटहरीमा अनुगमन हुँदा एक पक्षलाई मात्र निसाना बनाएर गरिने गरेको र बाँकीलाई छाड्ने गरेको उपभोक्ताहरूको गुनासो छ ।


खाद्यान्नमा अनुगमन गरिन्छ तर तरकारी, फलफुल, कपडा, लगायत अन्य व्यसायमा ठगि धन्दा मौलाएको कुनै निकायले नदेखेको उपभोक्ताहरूको गुनासो छ । अन्य स्थानमा अनुगमन भएपनि अहिले तरकारी र फलफुल व्यवसायमा मनपरी बढ्दो छ । एउटै तरकारीको मूल्य पसलै पिच्छे फरक-फरक भेटिनुले उपभोक्ता मारमा पर्दै आएका छन् ।

यता कानूनले दिएको अधिकारलाई प्रयोग गरेर अनुगमनलाई प्रभावकारी बनाउँदै लैजाने उपमहानगरकी उपप्रमुख लक्ष्मी गौतमले बताइन् । उनले मध्यान्हसँग कुरा गर्दै भनिन्, 'एक महिनामा ६ पटक अनुगमन हुँदा एक दर्जन बढी व्यवसायीहरूलाई जरिवाना तिराइएको छ । यो पनि कारबाही नै हो ।' स्थानीय सरकारको हकमा प्राप्त कानुन प्रयोग गरेर काम कुरा गरिरहेको उनले बताइन् । यसैबीच गएको असोज १० गते देखि कात्तिक १० भित्र इटहरी उपमहानगर क्षेत्रमा ६ पटक बजार अनुगमन भएको देखिएको छ ।

जिल्ला प्रशासन कार्यालय सुनसरीबाट २ पटक वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरबाट एक पटक र स्थानीय सरकारको नेतृत्व गरिरहेको इटहरी उपमहानगरले ३ पटक गरी ६ पटक बजार अनुगमन भएको हो । खाद्य तथा गुण नियन्त्रण कार्यालय विराटनगरसँगै खाद्य प्रविधि तथा डिभिजन कार्यालय सुनसरी र इटहरी उपमहानगरको संयुक्त अनुगमन टोलीले केहि दिन अघि इटहरीको आधा दर्जन मिष्ठान्न भण्डारहरूलाई केन्द्रित गरेर अनुगमन गरेको थियो जसमा बिष्णु मिष्ठान्न भण्डारबाट अखाद्य बस्तुहरू फेला पारी नष्ट गरिनुका साथै व्यवसायीलाई सामान्य जरिवाना गरेर छाडिएको थियो । त्यस्तै इटहरी उपमहानगरले गएको दशैंको छेकामा मासु व्यवसायलाई केन्द्रित गरेर अनुगमन गरेको थियो ।

जसमा अधिकांश मासु व्यवसायहरूले मासु काट्ने स्थान सफा नगरेको, आफुखुसी मुल्य बढाएको र केहिले कुहिएको मासु समेत बिक्रिका लागि राखेको फेला परेको थियो तर ती व्यवसायीहरूलाई उपमहानगरले छलफलमा बोलायो । बिना कारबाही त्यतिकै छाडेको थियो । पटक-पटक अनुगमन हुन्छ तर दोषी देखिएका व्यवसायीहरूलाई कारबाहीको सट्टा सामान्य जरिवाना गराएर छोडिदा यस्ता विकृति झनै मौलाएर जाने गरेको पाइएको छ ।

# नेताको पछि लाग्दा पार्टी भद्रगोल : पूर्वमन्त्री सुब्बा



पूर्व भुमिसुधार मन्त्री तथा वरिष्ठ नेता रामकुमार सुब्बाले सकृय कार्यकर्ता नेताको पछि लाग्दा राष्ट्रिय प्रजातन्त्र पार्टीको अवस्था भद्रगोल अवस्थामा पुगेको बताएका छन् ।

राप्रपाको जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै पूर्व मन्त्री सुब्बाले कमल थापाले नेतृत्व गरेको राष्ट्रिय प्रजातन्त्र पार्टीको अवस्था दयनिय अवस्थामा पुगेको बताए । उनले एकजुट हुनको सट्टा गुटबन्दी भएर नेता छान्न थालेपछि राप्रपा पार्टीनै धरापमा परेको बताए । कार्यक्रमका प्रमुख अतिथि समेत रहेका पूर्वमन्त्री सुब्बाले गणतन्त्र स्थापना पछि मुलुक झन् स्थिरता तर्फ धकेलिएको बताए । उनले संवैधानिक राजतन्त्र अबको आवश्यकता रहेको धारणा राखे ।

त्यस्तै आफ्नो पार्टीले सदैव मुलुकमा हिन्दु राष्ट्र कायम हुनुपर्छ भनेर वकालत गर्दै आएको र नेपाली जनताले समेत राजतन्त्रसहितको हिन्दु राज्यको चाहना राख्न थालिसकेको प्रष्ट पारे । अधिवेशनलाई सम्बोधन गर्दै सुब्बाले अब नेताको पछि नकुँदि पार्टीकोपछि लाग्न र चुनावको तयारीमा लाग्न कार्यकर्ताहरूलाई सुझाव दिए ।

इनरूवास्थित निर्माण व्यवसायीको सभाहलमा सम्पन्न कार्यक्रममा राप्रपाका प्रदेश एकका संयोजक वासु भट्टराई, राप्रपा केन्द्रीय सम्पादन समिति सदस्य मिना सुवेदी, प्रदेश सचिव तथा केन्द्रीय सम्पादन समितिका सदस्य राम थापा लगायत अन्यले शुभकामना मन्तव्य राखेका थिए ।

यसैबीच राष्ट्रिय प्रजातन्त्र पार्टी सुनसरीको अध्यक्षमा दुर्गा बस्नेत सर्वसम्मत निर्वाचित भएका छन् । अधिवेशनले बस्नेतको अध्यक्षतामा ३३ जनाको जिल्ला कार्य समिति चयन गरेको हो । बस्नेत यसअघि पनि राप्रपाको अध्यक्ष रहेका थिए ।

यसैगरी सक्रिय सदस्यको दाबी विरोध कात्तिक २७, २८ र २९ गते गर्ने तथा अन्तिम नामावली कात्तिक ३० गते प्रकाशन गर्ने निर्णय भएको छ । जिल्ला अधिवेशन कार्तिक २३ भित्र तथा सातवटै प्रदेशसभाबाट प्रदेश कार्य समितिको निर्वाचन कार्तिक २८ गते गर्ने निर्णय पनि बैठकले गरेको छ । सक्रिय सदस्यहरुबाट महाधिवेशन प्रतिनिधिहरुको निर्वाचन मंसिर १, २ र ३ गते गर्ने पनि राप्रपाले निर्णय गरेको छ । बैठकले महाधिवेशनको तयारीका लागि विभिन्न ९ समिति पनि गठन गरेको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०५६/१०/०५ मा दर्ता भएको **प्रा.लि. नं. ११९७८** को **विजय ईंट्टा उद्योग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०७/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



ग्राहक कुर्दै

महोत्तरीको सदरमुकाम जलेश्वरस्थित हटियामा माटाका भाँडा बिक्री गर्दै व्यापारी । *तस्बिरः रासस*

## लुम्बिनी प्रदेशसभामा एमालेको विरोध कायमै



**बुटवल/मस–** लुम्बिनी प्रदेशसभाको बिहीबारको बैठकमा पनि प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले अवरोध कायमै राखेको छ । निर्धारित समयभन्दा आधा घण्टा ढिला शुरु भएको बैठकमा एमालेका सांसदले नाराबाजी गर्दै रोष्ट्रम घेराउ गरेका थिए । एमालेका प्रदेशसभा सदस्य नारायण आचार्यले एमालेले कारबाही गरेका दुई सांसद पदमुक्त नहुँदासम्म सदन चल्न नदिने एमालेको अडान रहेको बताए ।

एमालेको विरोधपछि केहीबेर स्थगित भएर फेरि शुरु भएको बैठकमा वन, वातावरण तथा भूसंरक्षणमन्त्री सुरेन्द्रबहादुर हमालले वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्थामन्त्री सुमन शर्मा रायमाझीकोतर्फबाट राज्यमन्त्री सहसराम यादवले जीवनाशक विषादी नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक निर्णयार्थ पेश गरेका थिए । बैठकको शून्य समयमा प्रदेशसभाकी सदस्य रुन्धावती शर्माले गत हप्ता आएको वर्षाले किसानको धान बालीमा ठूलो क्षति पुऱ्याएकाले राहतको व्यवस्थाको माग गरिन् । उनले तत्काल किसानलाई उचित क्षतिपूर्ति दिन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराइन् ।

# प्रधानमन्त्री देउवासँग स्पेनका प्रान्तीय सभामुखको भेट



**काठमाडौं/मस–** प्रधानमन्त्री शेरबहादुर देउवासँग नेपाल भ्रमणमा रहेको स्पनेको स्वायत्त प्रान्त एक्टेमदुराका सभामुख ब्लान्का मार्टिन डेलगाडो नेतृत्वको प्रतिनिधिमण्डलले बिहीबार भेटवार्ता गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा प्रधानमन्त्री देउवाले स्पेनमा लुम्बिनी गार्डेन परियोजना बनाउन लागेकामा खुसी व्यक्त गर्दै त्यसमा नेपाल सरकारको पूर्ण सहयोग रहने आश्वासन दिए ।

स्पेनमा लुम्बिनी गार्डेन परियोजना बनाउने कार्य र यस्ता भेटघाटले नेपाल–स्पेन कूटनीतिक सम्बन्धलाई थप उचाइमा पुऱ्याउने प्रधानमन्त्री देउवाको भनाइ थियो । साथै उनले हरित ग्यास उत्सर्जनमा नेपालको भूमिका नगन्य भए पनि जलवायु परिवर्तनले नेपाललाई बढी असर गरेको उल्लेख गर्दै जलवायु परिवर्तन र वातावरणका क्षेत्रमा पनि सहकार्य गर्नुपर्नेमा जोड दिएको फाउण्डेसनका सचिव एकराज गिरीले जानकारी दिए ।

सो अवसरमा सभामुख ब्लान्का मार्टिन डेलगाडोले व्यस्तताका बाबजुद पनि समय उपलब्ध गराएकोमा प्रधानमन्त्री देउवाप्रति आभार व्यक्त गर्दै स्पेनमा फाउण्डेसनले बनाउने परियोजनाले बुद्धको जन्मभूमि नेपालका बारेमा थप प्रचारप्रसार हुने बताइन् ।

यसले द्विपक्षीय सम्बन्ध थप मजबुत बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गर्दै उनले बुद्धजन्म भूमिबाट बुद्धको शान्तिको सन्देश स्पेनले संसारभर फैलाउन पाउँदा खुसी भएको उल्लेख गरेकी थिइन् ।

भेटमा स्पेनका स्थानीय सरकारका प्रमुख, फाउण्डेसनका अध्यक्ष जोसे मानुयल भिलानोभा, उपाध्यक्ष गोविन्द सुवेदी, सचिव गिरीलगायत सहभागी थिए ।

# स्वास्थ्य बीमा निःशुल्क बनाउने स्वास्थ्य मन्त्रीको योजना

**दिवस ढकाल/मध्यान्ह**
काठमाडौं, ११ कात्तिक

स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडाले मन्त्रालयमा स्वास्थ्य पत्रकारहरुसँग साक्षात्कार गरेका छन् । बिहीबार मन्त्रालयमा पत्रकारहरुसँग बोल्दै मन्त्री खतिवडाले स्वास्थ्य बीमा निःशुल्क बनाउने योजनामा आफू रहेको बताए । नेपाल जस्तो मुलुकका जनताको लागि स्वास्थ्य बीमा गर्न अहिले तिरिरहेको शुल्क पनि बढी भएको उनले बताए । हाल स्वास्थ्य बीमाको लागि प्रत्येक पाँच जना सम्मको परिवारले ३५ सय रुपैयाँ तिर्दै आएका छन् ।

अहिले स्वास्थ्य बीमामा सबै क्षेत्र र समुदायका मानिसहरू नसमेटिएको बताउँदै मन्त्री खतिवडाले लोपोन्मुख, सिमान्तकृत समुदायका मानिसहरूलाई पनि स्वास्थ्य बीमामा समेट्ने बताए ।



उनले स्वस्थ्य मन्त्रालयले नै त्यस्ता समुदायका मानिसहरूको स्वास्थ्य बीमा गर्ने बताए । 'लोपोन्मुख र सिमान्तकृत समुदायका मानिसहरूको स्वास्थ्य बीमा सरकारले नै छ', अपुग पैसाको लागि स्वास्थ्य मन्त्रालयले प्रधानमन्त्री र अर्थमन्त्रीसँग कुरा गरेर व्यवस्थापन गर्नेछु' मन्त्री खतिवडाले भने ।

लोपउन्मुख जातीको मात्र स्वास्थ्य बीमा गर्न मन्त्रालय आफैंले आर्थिक व्यवस्थापन गर्न सक्ने भएतापनि सिमान्तकृत लगायत सबैको बीमा गर्न स्वास्थ्य मन्त्रालयले मात्र नसक्ने मन्त्री खतिवडाले बताए । आफ्नो कार्यकालमा सुरुवात गरेर आगामी ५/६ वर्ष सम्म हरेक नेपालीको स्वास्थ्य बीमा नेपाल सरकारले नै गर्न सक्ने व्यवस्था मिलाउने उनले बताए । हाल देशभर स्वास्थ्य बीमा गर्ने मानिसहरूको संख्या बढ्दै गएको छ । स्वास्थ्य बीमा गरेता पनि उपचारमा सहज र सबैखाले स्वास्थ्य सेवा र औषधि नपाउँदा सेवाग्राहीहरुले सास्ती मात्र व्यहोर्नुपरेको छ ।

# बेसीशहर–चामे सडक खण्ड खुल्यो

**लमजुङ/मस–**बाढीपहिराले केही समयदेखि अवरुद्ध बेसीशहर चामे सडक पुनः सञ्चालनमा आएको छ । पहाडी र हिमाली जिल्ला जोड्ने यस सडकको विभिन्न स्थानमा बाढीपहिराले अवरुद्ध बनाएको सडक खुलाएसँगै बिहीबार साढे पाँच बजेदेखि सडकमा सवारी साधन पुनः सञ्चालनमा आएको डुम्रे बेँसीशहर चामे सडक योजना कार्यालय लमजुङका इञ्जिनीयर हरि श्रेष्ठले बताए ।



अविरल वर्षासँगै विभिन्न स्थानमा बाढीपहिराले सडक अवरुद्ध बनाउँदा यही कात्तिक २ गते बिहानबाट लमजुङ मनाङ जोड्ने एक मात्र सो सडकखण्ड अवरुद्ध हुँदै आएको थियो । सो समयमा यस सडकखण्डको खरखरे भीर, नियालोघारी, दाना क्यू, कोत्रो, तिमाङ खोला, तिमाङ झरनालगायत स्थानमा बाढीपहिराले सडक अवरुद्ध भएको थियो ।

तिमाङ झरना र खोलामा राखिएको काठे पुल बगाएको थियो भने अन्य स्थानमा बाढीपहिराले सडक बगाउनुका साथै ढुंगा माटोले अवरुद्ध बनाएको थियो । सबै स्थानको अवरोध हटाएर अन्तिममा तिमाङ झरनामा तीन दिन लगाएर काठे पुल राख्ने कार्य सम्पन्न भएसँगै सवारी सञ्चालनमा आएको इञ्जीनियर श्रेष्ठले बताए । उनले भने, ' अवरुद्ध भएको उक्त दुई स्थानमा काठेपुल राखिएको छ भने अन्य स्थानमा डोजरको सहायताले सडक खुलाइएको छ ।' सडक अवरुद्ध बनेपछि दसैं पर्व मनाएर रोजगारी, अध्ययनलगायत गन्तव्यमा जाने रोकिएका थिए । मनाङमा आवश्यक ढुवानीका सामग्री, खाद्यान्न, लत्ताकपडा, औषधिलगायत सामग्री लैजान यतिबेला सडक सुचारु भएसँगै सहज भएको छ ।

यस अघि समेत दशैं आउनु केही दिन अघिबाट मात्र सवारी सञ्चालनमा आएको थियो । गत असार १ गतेदेखि बाढीपहिराले अवरुद्ध बनाएको यस सडक यस अघि गत असोज २० गतेदेखि सञ्चालनमा आएको थियो ।

# स्पेनका सभामुखसहितको टोलीद्वारा भक्तपुर दरबार स्क्वायर क्षेत्रको अवलोकन

**भक्तपुर/मस–** स्पेनको स्वायत्त प्रान्त एक्टेमदुराका सभामुख ब्लान्का मार्टिन डेलगाडोको नेतृत्वमा नेपाल भ्रमणमा आएको २४ सदस्यीय प्रतिनिधिमण्डलले बिहीबार विश्व सम्पदा सूचीमा रहेको ऐतिहासिक भक्तपुरको सम्पदाको अवलोकन गरेको छ ।

बिहीबार साँझ भक्तपुरको दरबार स्क्वायर आइपुगेको स्पेनका प्रदेशमन्त्री, मेयर, व्यापारी सहभागी टोलीलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, वाग्मती प्रदेश सभासदस्य सुरेन्द्रराज गोसाई, रजनी जोशी, सरस्वती वाटीलगायतले स्वागत गरेका छन् ।

डेलगाडोसहितको टोली र बागमती प्रदेशका सभामुख सानुकुमार श्रेष्ठलाई नगरप्रमुख प्रजापतिले खादा ओढाएर भादगाउँले टोपी लगाई पुष्पगुच्छा प्रदान गर्दै दरबार स्क्वायर गेटमा स्वागत गरेका थिए ।

भक्तपुर नगरपालिकाले स्वागतस्वरूप भक्तपुर दरबार स्क्वायर



डबलीमा प्रदर्शन गरेको माक प्याँख, नागचा प्याँख र जंगली प्याँख नाच सभामुख डेलगाडोको टोलीले रुचिपूर्वक अवलोकन गरे । नगरपालिकाले भ्रमण टोलीलाई भक्तपुरको जुजु धौं खुवाएको थियो । सभामुखको टोलीलाई नगरपालिकाका गौतम लासिवासहितको टोलीले दरबार स्क्वायर, पशुपतिनाथको मन्दिर, टौमढीस्थित पाँचतले मन्दिर क्षेत्रको अवलोकनका क्रममा सम्पदाका बारेमा जानकारी गराएको थियो ।

टौमढीस्थित पाँचतले मन्दिर डबलीमा सभामुख डेलगाडोलाई नगरप्रमुख प्रजापतिले भक्तपुरको प्रसिद्ध मयुँर झ्याल उपहारस्वरुप प्रदान गर्दै बिदाइ गरेका थिए ।

अपराह्न ४ बजे दरबार स्क्वायर आउने र ६ बजेसम्म भक्तपुरको अवलोकन गर्दै दत्तात्रय मन्दिरसम्म अवलोकन गराउने कार्यक्रम तय भए पनि टोली ५:१० मा मात्रै भक्तपुर आइपुगेको र ६:२० मा फर्केपछि दत्तात्रयसम्म नपुगी टौमढीबाटै बिदाइ गरिएको नगरप्रमुख प्रजापतिले जानकारी दिए । बागमती प्रदेशसभाका सभामुख श्रेष्ठको निमन्त्रणामा सभामुख डेलगाडोको नेतृत्वमा २४ सदस्यीय प्रतिनिधिमण्डल आगामी १६ गते स्पेन प्रस्थान गर्ने गरी छ दिने नेपाल भ्रमणमा बिहीबार काठमाडौं आइपुगेको हो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सभामुख श्रेष्ठलगायत प्रदेशसभा सचिव, परराष्ट्र मन्त्रालयका उच्च अधिकारीले टोलीलाई स्वागत गरेका थिए । टोलीले नेपाल भ्रमणका क्रममा विभिन्न विशिष्ट व्यक्तित्वसँग भेटवार्ता गर्नुका साथै विभिन्न धार्मिकस्थलको अवलोकन भ्रमण गर्ने कार्यक्रम रहेको बताइएको छ । स्पेनी प्रतिनिधिमण्डलले बिहीबार प्रधानमन्त्री शेरबहादुर देउवासँग भेट गरेको छ भने पाटन दरबार क्षेत्रको भ्रमणपछि भक्तपुर दरबार क्षेत्रको भ्रमण गरेको हो ।

भ्रमण टोली नेपालमा रहँदा राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, पूर्वप्रधानमन्त्री एवं नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली र अर्का पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', परराष्ट्रमन्त्री डा.नारायण खड्का, शिक्षामन्त्री देवेन्द्र पौडेललगायतसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको बताइएको छ ।


## कपिलवस्तु प्रहरीद्वारा अपहरित बालकको सकुशल उद्धार

**इमरान खान/ मध्यान्ह**
कपिलवस्तु ११ कात्तिक

कपिलवस्तु प्रहरीले अपहरित एक बालकको सकुशल उद्धार गरेको छ ।

शुद्धोधन गाउँपालिका वडा नं. ३ गुलरीस्थित बाखा पालन फार्म सञ्चालन गर्ने अव्दुल कलाम डफालीको छोरा ६ वर्षीय सलमान खान डफाली यहि कात्तिक ९ गते अपहरणमा परेका थिए । बालकलाई बुवा मुसलमानसँगको आर्थिक लेनदेनको विषयलाई लिएर महफुज आलमसहित दुई जनाले अपहरण गरेको प्रहरीले जनाएको छ ।

६ वर्षीय बालक डफालीलाई घर नजिकैबाट अपहरण गरी नम्वर नखुलेको मोटरसाइकलमा राखी



भारतको सिद्धार्थनगर अलिगढवा विहवाको विभिन्न स्थानमा लगि बन्धक बनाइ राखेका थिए ।

भारतिय प्रहरीको सहयोगमा जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक धर्मराज भण्डारी सहितको प्रहरी टोलीले कपिलवस्तुको माँयादेवी गाउँपालिका ४ चाकरचौडा स्थित नेपाल भारत सिमाबर्ती इलाका दशगजाबाट सकुशल उद्धार गरेको हो । अपहरित बालकलाई परिवारको जिम्मा लगाइएको प्रहरी नायब उपरीक्षक भण्डारीले मध्यान्हलाई जानकारी दिए ।


# कथा संग्रह 'अपरिचित अनुहार' को परिचर्चा

**रेशम अधिकारी/ मध्यान्ह**
रुपन्देही, ११ कात्तिक

कथाकार महेश पौड्यालको कथा संग्रह 'अपरिचित अनुहार' को परिचर्चा कार्यक्रम देवदहमा सम्पन्न भएको छ । अनुराग साहित्य समाज देवदहको आयोजनामा कवि तथा समालोचक समेत रहेका पौड्यालको कृतिको साहित्यिक श्रष्टाबीच चर्चा भएको हो ।

आयोजना, युगीन साहित्य समाज र उज्यालो लालटिन प्रतिष्ठान आतिथ्यमामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा कथा संग्रहलाई लिएर विभिन्न दृष्टिकोण एवम् विचार प्रस्तुत गरियो । कार्यक्रमका प्रमुख अतिथि समेत रहेका बरिष्ठ कथाकार बनमाली निराकारले पौड्यालको कथा संग्रह पढेपछि आफूलाई इर्ष उत्पन्न





भएको र आफूले यस्तो कथा किन लेख्न नसकेको बताए । निराकारले भने, 'मैले कथा लेख्न सुरु गरेको समय र उहाँले लेख्न सुरु गरेको समयमा निकै अन्तर होला । सायद मैले लेख्न सुरु गरेको बेला उहाँ जन्मनुभएको थिएँन होला । समयको अन्तरालले कथाको ट्रेन मोडेको छ ।' कार्यक्रममा समीक्षात्मक दृष्टिकोण राख्दै समालोचक रामचन्द्र श्रेष्ठले अपरिचित अनुहारहरू बहुआयामिक कथाहरूको संग्रह भएको बताए । समीक्षाकै क्रममा समालोचक डा. अशोक थापाले संग्रहमा समाजमा छाँयामा रहेका पात्रहरूको कथा समेटिएको बताए । बरिष्ठ समालोचक राजकुमार बानियाँले महेश पौड्यालले आफूलाई परम्परावादी कथाकारका रुपमा बताउने गरेपनि उनका अधिकांश कथाहरूमा नवीन दृष्टिको प्रयोग रहेको बताए । लेखक महेश पौड्यालले सहभागीहरूको जिज्ञासाको जवाफ कार्यक्रममै दिएका थिए । उनले देवदहमा साहित्यप्रति युवाहरूको लगावको प्रशंसा गरेका थिए । कार्यक्रममा युगीन साहित्य समाजका अध्यक्ष सुशील सापकोटा, उज्यालो लाल्टिन प्रतिष्ठानका अध्यक्ष सागर कडेल, अनुराग साहित्य समाजको अध्यक्ष निर्मल ढुंगाना लगायतले आफ्नो भनाइ राखेका थिए । साहित्यतर्फ महेश पौड्याल बालसाहित्यकार, कवि, कथाकार, उपन्यासकार, गीतकार, नाटककार, समालोचक र अनुवादक पनि हुन् । पूर्वीय र पाश्चात्य साहित्य र सिद्धान्तका अध्येता पौड्यालका मौलिक १२ वटा कृति तथा स्कुलका दुई दर्जन पाठ्यपुस्तक प्रकाशित छन् । उनका तीन दर्जन जति अनुवाद र सम्पादनका कृति छन् । शिखा बुक्सले प्रकाशन गरेको पुस्तकको मूल्य २ सय ७५ रुपैयाँ रहेको छ । पौड्यालका 'त्यसपछि फुलेन गोदावरी' कथासंग्रह लगायत कृति प्रकाशनमा आइसकेका छन् ।


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **फ्युचर स्किल्स एच.आर.कन्सल्टेन्सी प्रा.लि. (ई.प.नं. १२००)** ले आफ्नो साविकको नाम परिवर्तन गरि **एपेक्स एच.आर.कन्सल्टेन्सी (Apex HR Consultancy Pvt. Ltd.)** कायम गर्ने गरि नाम परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**सूचना ! सूचना !! सूचना !!!**

प्रथम पटक प्रकाशित मिति : २०७८/०७/१२

हनुमाननगर प्राविधिक शिक्षालय हनुमाननगर-९, सप्तरीमा भर्ना हुनका लागि प्रवेश परिक्षामा उत्तिर्ण मुख्य परिक्षार्थी भर्ना भई रिक्त रहेको सिटहरुमा Alternative/Cut off/Pass list मा रहेको छात्र छात्राहरुको यस इन्स्टिच्युटको प्रशासन शाखामा मिति २०७८/०७/१८ गते सम्ममा ७ दिन भित्र आवेदन गर्नु हुन सम्बन्धित सबैमा जानकरीको लागि अनुरोध छ ।

डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग रिक्त रहेका सिटहरु :
Laxitbarg main candidate-1, Generalfull paying main candidate-17
डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ्ग रिक्त रहेका सिटहरु :
TSLC main candidate-2, Generalfull paying main candidate-29

**बैकल्पिक सूचि/पास लिष्ट/अन्य शिक्षण संस्थाबाट प्रवेश परीक्षा उत्तीर्ण विद्यार्थीहरुका लागि भर्ना सम्बन्धी सूचना**

प्रकाशित मितिः २०७८/०७/१२

प्रस्तुत विषयमा यस विद्यालयमा शैक्षिक सत्र २०७८/०८९ अर्न्तगत सिटीइभीटी तर्फको तीन वर्षे डिप्लोमा तह सिभिल इन्जिनियरिङ विषयमा भर्नाका लागि मुख्य उम्मेदवारहरुलाई दिइएको भर्ना अवधि यही २०७८/०७/१० गते समाप्त भएको र अझै १४ जना विद्यार्थी भर्ना हुन बाँकी रहेकाले यहीँ मिति २०७८/०७/११ गते देखि २०७८/०७/१७ गते भित्र बैकल्पिक तथा पास लिष्टमा रहेका विद्यार्थीहरुले आवश्यक कागजात सहित भर्नाका लागि निवेदन दिन सूचित गरिन्छ । उक्त अवधि भित्र पनि भर्ना कोटा पूरा नभएमा मिति २०७८/०७/१८ देखि ऐ. २४ गते सम्म अन्य विद्यालय वा शिक्षण संस्थाबाट प्रवेश परीक्षा उत्तीर्ण विद्यार्थीहरुले आवश्यक कागजात र सम्वन्धित शिक्षण संस्थाको सिफारिस संलग्न राखी निवेदन दिन सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिन्छ ।

प्रधानाध्यापक
श्री जन नमुना माध्यामिक विद्यालय
वीरेन्द्रनगर, सुर्खेत । फोन नं. ९८४८०४७३१६/९८४४८१७७०८

**बैकल्पिक सूचि/पास लिष्ट/अन्य शिक्षण संस्थाबाट प्रवेश परीक्षा उत्तीर्ण विद्यार्थीहरुका लागि भर्ना सम्बन्धी सूचना**

प्रकाशित मितिः २०७८/०७/१२

प्रस्तुत विषयमा यस विद्यालयमा शैक्षिक सत्र २०७८/०८९ अर्न्तगत सिटीइभीटी तर्फको तीन वर्षे डिप्लोमा तह वन विज्ञान विषयमा भर्नाका लागि मुख्य उम्मेदवारहरुलाई दिइएको भर्ना अवधि यही २०७८/०७/१० गते समाप्त भएको र अझै १४ जना विद्यार्थी भर्ना हुन बाँकी रहेकाले यहीँ मिति २०७८/०७/११ गतेदेखि २०७८/०७/१७ गते भित्र बैकल्पिक तथा पास लिष्ट एवम् अन्य विद्यालय वा शिक्षण संस्थाबाट प्रवेश परीक्षा उत्तीर्ण विद्यार्थीहरुले आवश्यक कागजात र सम्बन्धित शिक्षण संस्थाको सिफारिस संलग्न राखी निवेदन दिन सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिन्छ ।

प्रधानाध्यापक
श्री भैरव माध्यामिक विद्यालय
वीरेन्द्रनगर-४, सुर्खेत । फोन नं. ०८३-५२१३२८/९८५८०११३३०

## सम्पादकीय

### गैरजिम्मेवारीको पराकाष्ठा

राजनीतिक अन्तरविरोधका कारण अवरोधकै बीच जारी संसद् अधिवेशन अन्त्य भएको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले शुक्रबार मध्य रातबाट संसद् अधिवेशन अन्त्य गर्ने सिफारिस गरेको छ। गएको २३ भदौ देखि शुरू भएको संसद् प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको अवरोधकै बीच अन्त्य भएको छ। तर यो अधिवेशन जनताको समस्या देखि कानून निर्माण जस्ता महत्वपूर्ण काममा प्रवेश समेत गर्न सकेन। जबकी यो अधिवेशनमा ५५ विधेयक कार्यसूचीमा थियो। संसद्मा प्रस्तुत हुने विषयमा बहस हुनु स्वभाविक हो। कुनैबेला दलहरूबीच समस्या समेत सिर्जना हुनसक्छ। तर सभामुखको मध्यस्थतामा समस्या हल गर्ने प्रचलन रहँदै आएको छ।

संसद् बैठकमा समस्या देखिनु र सम्वादबाट हल गरिनु संसदीय अभ्यास नै हो। संसदलाई अनिश्चितकालसम्म अनिर्णयको बन्दी बनाउन सक्दैन, हुँदैन। त्यसो गर्नु मुलुक, जनता र संसदीय व्यवस्थाप्रति नै चरम घात हो। तर यसपटक सभामुखको भूमिकालाई लिएर एमालेले जसरी संसद वैठक निरन्तर अवरूद्ध गऱ्यो र अहिले प्रतिपक्षी दलसँग प्रभावकारी वार्ता समेत नगरी अन्त्य गरियो। यो दुवै कदम आपत्तिजनक छ। सरकारले बजेट पारित गर्ने बाहेक अरू विषयलाई चासो दिएन। एमालेको नाराबाजी र रोष्टम घेराऊ बीच संशोधित बजेट भने पारित भयो। यदि दलहरू संसद र जनताप्रति उत्तरदायी हुन्थे भने संसद् बन्धक बनाइरहने र अधिवेशन अन्त्यलाई नै समाधान मानिने थिएन। तर सभामुख, सरकार प्रमुख, सत्तारूढ नेताहरू र प्रतिपक्ष गम्भीर देखिएनन्।

एमालेले पनि आफ्ना मुद्दा सशक्त रूपमा उठाउँदै विरोध र वार्तालाई खुला राख्नुपर्ने थियो। समस्या हल हुने र जनप्रतिनिधिहरूको थलो संसद्लाई थप प्रभावकारी बनाउनेतिर ध्यान दिने थियो। संसदीय गरीमा र नागरिक सर्वोच्चता भन्दा सभामुखसँगको 'इगो' महत्व दिइने थिएन। वार्ता र सहमतिबाट विवादास्पद विषय टुंगो लगाउँदै संसद् प्रभावकारी बनाउनु साटो एकले अर्काको अस्तित्व नै स्वीकार नगर्ने प्रवृत्तिले संसद् अधिवेशन अवरोधकै बीच अन्त्य भएको छ। त्यसैपनि संसद्लाई दलहरूले संसद्लाई आफ्नो स्वार्थमा बन्धक बनाउनु नौलो होइन। जबकी जनताको स्वार्थ र हितका निम्ति संसद्लाई प्रभावकारी बनाइनुपर्नेछ।

## सामाजिक सञ्जाल



सतीदेवीको अंगपतन भए झैं नेपालको राज्यका स्थायी अंग एक पछि अर्को पतनको संघारमा पुग्नु गम्भीर विषय हो। त्यत्रो युगीन क्रान्तिपछि पुरानो राज्यका थोत्रा अंग यथावत् बोकेर हिंड्नुको दुष्परिणाम हो यो। हामी पनि महादेवले मरेकी सतीदेवीलाई काँधमा बोकेर भौंतारिए झैं गर्ने कि बेलैमा सदगत गर्ने ?

**- डा. बाबुराम भट्टराई**




अदालतमा बन्दी प्रत्यक्षीकरण रिटसमेत नहेर्नु भनेको डाक्टरहरूले अस्पतालमा इमर्जेन्सी पनि बन्द गरेर हड्ताल गरे जस्तै निर्ममताको उपल्लो तहको अपराधै नै हो। प्रत्यक्षीकरण रिटसमेत नहेर्ने न्यायाधिशहरूसँग चोलेन्द्र शमशेरले नैतिकताको आधारमा राजिनामा दिनुपर्छ भन्ने 'नैतिकता' हुन्छ र ?

**- गोविन्द पौडेल**




पारित नहुने महाअभियोगको अस्त्र चलाउन सत्ता गठबन्धनलाई असार २८ सम्मका सहयात्री न्यायाधीश, इन्भर्टेड कमाभित्रका नागरिक आन्दोलनकारी, ठूलो स्वर गरेर इजलास नै परिवर्तन गर्न सक्ने वरिष्ठ र विरादरीका ज्ञातअज्ञात भूपूको दबाब छ। तर त्यो अस्त्र चल्यो भने अरू चारमाथि काउन्टर अट्याक निश्चित छ!

**- मातृका पौडेल**



विचार आ-आफ्नै हुन्छ। म चाहिँ भन्छु, प्रधानन्यायाधीशले मरिगए राजीनामा नदिउन र आफ्नो बाँकी कार्यकालमा फैसला यस्तो गरून् कि 'न्याय खोज्न गोरखा जानु' भन्ने भनाई सबैले बिर्सिउन। यसको शुरूवात कार्तिक १५ गतेबाट होस्। माधव नेपाल, बाबुराम भट्टराई र अग्नि सापकोटाको बारेमा जे गर्नुपर्ने हो त्यो फैसला होस्।

**- सुशिल देवकोटा**



अष्टलक्ष्मी दिदीले अल्पकालीन हित हेरिन् कि दीर्घकालीन थाह भएन, बुझेरै आफ्नो पक्ष रोजेकी होलिन्। राजनीतिको बैकुण्ठे खेलमा ९९ बाट सर्पले खाएर २ मा झर्ने र भऱ्याङ्गबाट पुनः ९८ मा चढ्ने चान्स सधै रहन्छ। सबैले जानेको कुरा यो हो कि आजको स्थितिमा मुख्यमन्त्रीको प्रमुख दाबेदार उनै हुन्थिन्।

**- बाबुलाल भण्डारी**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला। समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं। कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# कम्युनिष्ट आन्दोलन र अवसरवाद

*आज कम्युनिस्ट आन्दोलमा विचारधारात्मक लाइन संघर्षको पाटो कमजोर पर्दै गइरहेको छ। विचारविहीन आत्मकेन्द्रित स्वार्थमा आधारित प्राविधिक गुटहरूको तँछाडमँछाडको अस्वस्थ टक्कर बढ्ने प्रकृया तीव्र ढंगले विकसित भइरहेको छ।*



● श्रीकृष्ण अधिकारी 'विवेक'

कम्युनिस्ट आवरणभित्र लुकेको अवसरवादले हमेसा आफूलाई सही र अरूलाई गलत भन्छ। छद्म अवसरवादले खुल्ला र स्पष्ट विचार र व्यवहारलाई आफ्नो स्वार्थपूर्तिको बाधक कार्य ठान्छ। कुरामा विचार, सिद्धान्त, विधि, विधान, नियम, पद्धति, खुल्ला र स्पष्ट गर्नुपर्छ भन्न कहिल्यै नथाक्ने छद्म अवसरवादभित्र काममा भने छलछाम र षड्यन्त्रलाई नै साधक ठान्दै दुईजिब्रे प्रवृत्ति अपनाइरहेको हुन्छ। आज कम्युनिस्ट आन्दोलमा विचारधारात्मक लाइन संघर्षको पाटो कमजोर पर्दै गइरहेको छ। विचारविहीन आत्मकेन्द्रित स्वार्थमा आधारित प्राविधिक गुटहरूको तँछाडमँछाडको अस्वस्थ टक्कर बढ्ने प्रकृया तीव्र ढंगले विकसित भइरहेको छ।

मार्क्सवादी विज्ञानको नियमअनुसार विचार संघर्षको हल वर्ग संघर्ष र वर्ग संघर्षको हल विचार संघर्षमा खोज्नुपर्छ। पार्टीको अगाडिको वर्ग संघर्षमा वर्तमान राजनीतिक उपलब्धिहरूको रक्षा गर्दै, वैज्ञानिक समाजवादको विचार र राजनीतिक कार्यदिशा स्पष्ट गरी वैज्ञानिक समाजवादको वैचारिक, राजनीतिक, सांगठनिक, आर्थिक, सांस्कृतिक ढाँचा तयार पार्न पार्टीभित्र र बाहिर सुदृढ आन्दोलन विकास आवश्यक छ। पार्टीको आजको चुनौती तत्कालिन पार्टी निर्णयहरूको सशक्त कार्यान्वयन गरी पार्टीलाई सुद्धीकृत र सुदृढ पार्न निर्मम बन्नु नै पर्छ।



पार्टी केन्द्रीय समिति बैठकयता जमेको पोखरी खोल्ने कामको सुरूवात त भयो तर, माथिदेखि तलसम्म ठाउँ-ठाउँमा जमेको कंक्रिट फुटाउन घन नबजारीकन प्रदुषित लेदो बगेर सजिलै सफा हुने देखिँदैन। पार्टीभित्र विचार र लाइन संघर्ष मुख्य बनाउँदै विभिन्न स्वार्थकेन्द्रित प्राविधिक गुटहरूलाई वैचारिक, राजनीतिक सांगठनिक रूपमा नङ्ग्याउँदै र भत्काउँदै लगेर क्रान्तिकारी विचार नेतृत्वको वरिपरि गोलबद्ध भएको पार्टीमा रूपान्तरण गर्नुपर्छ।

पार्टी विचार र नेतृत्वको रक्षाका लागि हाम्रो क्षमता विकास र आचार-व्यवहारमा सुधार विकास अनिवार्य छ। गुट स्वार्थभन्दा माथि नउठीकन क्रान्तिकारी विचार र नेतृत्वको विकास हुँदैन। क्रान्तिकारी विचार र नेतृत्व विकासबिना समाजवादी आन्दोलन अगाडि बढ्दैन। समाजवादी आन्दोलन अगाडि नबढीकन कम्युनिस्ट आन्दोलन र उत्पीडित वर्ग-समुदायको भविष्य सुनिश्चित हुन सक्दैन।

